राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नाम:** सङ्घीय निजामती सेवा विधेयक, २०८०

**संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यहरू (दर्ताक्रमानुसार):**

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता माननीय सदस्य | दर्ता नं. | संशोधन प्रस्तावकर्ता माननीय सदस्य |
|---|---|---|---|
| ०१ | मा. डा. बेदुराम भुसाल, मा. उदय बहादुर बोहरा, मा. गोमा देवी तिमल्सिना, मा. घनश्याम रिजाल, मा. मदन कुमारी शाह (गरिमा), मा. राजेन्द्र लक्ष्मी गैरे र मा. सावित्री मल्ल | ०२ | मा. जयन्ती देवी राई |
| ०३ | मा. भुवन बहादुर सुनार | ०४ | मा. विष्णु बहादुर विश्वकर्मा |
| ५ | मा. गोपाल भट्टराई, मा. इन्दिरा देवी गौतम, मा. रुक्मिणी कोइराला र मा. सुमित्रा बि.सी. | ०६ | मा. सोनाम गेल्जेन शेर्पा |
| ०७ | मा. डा. अन्जान शाक्य | ०८ | मा. कृष्ण बहादुर रोकाय, मा. आनन्द प्रसाद ढुंगाना र मा. किरण बाबु श्रेष्ठ |
| ०९ | मा. जित जंग बस्नेत र मा. विष्णु कुमारी सापकोटा | १० | मा. जित जंग बस्नेत |
| ११ | मा. सुरेश कुमार आलेमगर, मा. उर्मिला अर्याल, मा. गंगा कुमारी वेलवासे, मा. गोपी बहादुर सार्की आछामी, मा. जग प्रसाद शर्मा, मा. झक्कु प्रसाद सुवेदी, मा. तारामान स्वाँर, मा. नर बहादुर विष्ट, मा. मनरूपा शर्मा, मा. राधेश्याम पासवान, मा. रेनु चन्द र मा. श्रीकृष्ण प्रसाद अधिकारी | १२ | मा. पदम बहादुर परियार |

| | | | |
|---|---|---|---|
| १३ | मा. तुल प्रसाद विश्वकर्मा | १४ | मा. कमला देवी पन्त, मा. दुर्गा कुमारी गुरूङ्ग र मा. विष्णुदेवी पुडासैनी |
| १५ | मा. मृगेन्द्र कुमार सिंह यादव, मा. पुजा चौधरी र मा. मोहम्मद खालिद, | १६ | मा. शेखर कुमार सिंह |

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. डा. अन्जान शाक्य | प्रस्तावना | | | | "सक्षम" भन्ने शब्दपछि "दक्ष" र "विकास गर्न" भन्ने शब्दहरूपछि "र निजामती प्रशासनको मानक निर्धारण गर्न" भन्ने शब्दहरू थप्नु पर्ने। |
| २. | मा. विष्णु बहादुर विश्वकर्मा | प्रस्तावना | | | | प्रस्तावना शीर्षकपछि सुरूमा "समानुपातिक समावेशी सिद्धान्तको आधारमा" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | प्रस्तावना | | | | "विकास गर्न" भन्ने शब्दहरूको सट्टा "विकास गर्नका लागि कानून निर्माण गर्न" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ४. | मा. तुल प्रसाद विश्वकर्मा | प्रस्तावना | | | | प्रस्तावना सहित विधेयकको ठाउँ-ठाउँमा रहेको "सङ्घीय" भन्ने शब्द झिक्नु पर्ने। |
| ५. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १ | (२) | | | "तुरुन्त" भन्ने शब्दको सट्टा "प्रमाणीकरण भएको मितिले तिसौं दिनदेखि" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ६. | मा. डा. अन्जान शाक्य | १ | (२) | | | "तुरुन्त" भन्ने शब्दको सट्टा "प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ७. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | १ | (२) | | | यस उपदफाको सट्टा देहायको उपदफा (२) राख्नु पर्नेः-<br>"(२) यो ऐन नेपाल राजपत्रमा प्रकाशन भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।" |

२५.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ८. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २ | | (ङ) | | "सम्झनु पर्छ" भन्ने शब्दहरूपछि "र सो शब्दले समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भई गएका कर्मचारीहरूलाई समेत जनाउँछ" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ९. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू | २ | | (ङ) | | "सम्झनु पर्छ" भन्ने शब्दहरूपछि "र सो शब्दले प्रदेश निजामती सेवामा वहाल रहेका कर्मचारीलाई समेत जनाउँछ" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १०. | मा. कमला देवी पन्त सहितका मा. सदस्यहरू | २ | | (ङ) | | • खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नु पर्ने:-<br>"(ङ) "सङ्घीय निजामती कर्मचारी" भन्नाले सङ्घीय निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ।"<br>• खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी त्यसपछिका खण्डक्रम मिलाउनु पर्ने:-<br>"(च) "निजामती कर्मचारी" भन्नाले सङ्घीय निजामती सेवा, सङ्घीय संसद सेवा, नेपाल स्वास्थ्य सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्दछ।" |
| ११. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २ | | (ज) | | "तोकिएको अधिकारी" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित विभागको प्रमुख" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १२. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ३ | (२) | | | "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा" भन्ने शब्दहरूको सट्टा "यस ऐनमा" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १३. | | ४ | (१) | (ख) | | "प्रतियोगितात्मक" भन्ने शब्दको सट्टा "प्रतिस्पर्धात्मक" भन्ने शब्द राख्नु पर्ने। |



२५.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | | | (ग) | | खण्ड (ग) पछि देहायको खण्ड (घ) र (ङ) थपी त्यसपछिका खण्डक्रम मिलाउनु पर्नेः-<br>"(घ) निजामती सेवा क्षतिपूर्तिसहितको सेवा सुनिश्चितताको सिद्धान्तमा आधारित हुने,<br>(ङ) सङ्घीय निजामती सेवाले लैङ्गिक मूलप्रवाहीकरण, महिला सशक्तीकरण र कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने आधारभूत सिद्धान्त अङ्गिकार गरेको हुने," |
| १४. | मा. डा. अन्जान शाक्य | ४ | (१) | (ग) | | "निष्पक्ष," भन्ने शब्दपछि "कर्तव्यनिष्ठ," भन्ने शब्द थप्नु पर्ने। |
| | | | | (ङ) | | खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी त्यसपछिका खण्डक्रम मिलाउनु पर्नेः-<br>"(च) सङ्घीय निजामती सेवाको पदमा दरबन्दी सिर्जना गर्दा सम्बन्धित कार्यालयको कार्यप्रगति, कार्यबोझ, कर्मचारीको कार्यविवरण, कार्यसम्पादन गर्ने प्रक्रिया, अपेक्षित परिणाम, प्रशासनिक खर्च दायित्व जस्ता विषयलाई विचार गरी न्युनतम मानव स्रोतबाट मुलुकको आयस्रोतमा आधारित हुने," |
| १५. | मा. विष्णु बहादुर विश्वकर्मा | ५ | (१) | | | झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |
| १६. | मा. जितजंग बस्नेत र मा. विष्णु कुमारी सापकोटा | ५ | (१) | (ट) | | खण्ड (ट) पछि देहायका खण्ड (ठ) र (ड) थप्नु पर्नेः-<br>"(ठ) नेपाल भेटनरी सेवा,<br>(ड) नेपाल स्वास्थ्य सेवा।" |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५ | (१) | (ट) | | खण्ड (ट) पछि देहायको खण्ड (ठ) थप्नु पर्नेः-<br>"(ठ) पशु चिकित्सा सेवा।" |
| १८. | मा. शेखर कुमार सिंह | ५ | (१) | (ट) | | खण्ड (ट) पछि देहायका खण्ड (ठ) थप्नु पर्नेः-<br>"(ठ) नेपाल स्वास्थ्य सेवा,<br>(ड) नेपाल पशु स्वास्थ्य सेवा।" |
| १९. | मा. डा. अन्जान शाक्य र मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ५ | (१) | (ट) | | खण्ड (ट) पछि देहायका खण्ड (ठ), (ड) र (ढ) थप्नु पर्नेः-<br>"(ठ) नेपाल स्वास्थ्य सेवा,<br>(ड) सङ्घीय संसद सेवा,<br>(ढ) पशु स्वास्थ्य सेवा।" |
| २०. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू | ५ | (१) | (ट) | | खण्ड (ट) पछि देहायका खण्ड (ठ) र (ड) थप्नु पर्नेः<br>"(ठ) नेपाल स्वास्थ्य सेवा,<br>(ड) सङ्घीय संसद सेवा।" |
| २१. | मा. मृगेन्द्र कुमार सिंह यादव सहितका मा. सदस्यहरू | ५ | (१) | (ट) | | खण्ड (ट) पछि देहायका खण्ड (ठ) र (ड) थप्नु पर्नेः-<br>"(ठ) नेपाल कृषि अनुसन्धान सेवा,<br>(ड) नेपाल पशु स्वास्थ्य सेवा।" |
| २२. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५ | (२) | | | "तोकिएका" भन्ने शब्दको सट्टा "विभिन्न" भन्ने शब्द राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २३. | मा. डा. अन्जान शाक्य | ५ | (३) | (घ) | | खण्ड (घ) पछि देहायको खण्ड (ङ), (च) र (छ) थपी त्यसपछिका खण्डक्रम मिलाउनु पर्नेः-<br>"(ङ) नेपाल शिक्षा सेवा,<br>(च) नेपाल स्वास्थ्य सेवा,<br>(छ) पशु स्वास्थ्य सेवा," |
| २४. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू | ५ | (३) | (च) | | खण्ड (च) पछि देहायको खण्ड (छ) र (ज) थप्नु पर्नेः-<br>"(छ) नेपाल स्वास्थ्य सेवा,<br>(ज) सङ्घीय संसद सेवा।" |
| २५. | मा. जितजंग बस्नेत र मा. विष्णु कुमारी सापकोटा | ५ | (३) | (च) | | खण्ड (च) पछि देहायको खण्ड (छ) थप्नु पर्नेः-<br>"(छ) नेपाल स्वास्थ्य सेवा।" |
| २६. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५ | (४) | | | "तोकिएबमोजिम" भन्ने शब्द झिकी पदहरू ऐनमै उल्लेख गर्नु पर्ने। |
| | | | (५) | | | "तोकिएबमोजिमका" भन्ने शब्द झिकी समूह तथा उपसमूह ऐनमै उल्लेख गर्नु पर्ने। |
| | | | (६) | | | "तोकिएबमोजिम" भन्ने शब्द झिकी न्यूनतम योग्यता ऐनमै उल्लेख गर्नु पर्ने। |
| २७. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ५ | (६) | | | "तोकिएबमोजिम" भन्ने शब्द झिकी न्यूनतम योग्यता ऐनमै उल्लेख गर्नु पर्ने। |
| २८. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ६ | (१) | | | "निजामती सेवामा" भन्ने शब्दहरूको सट्टा "निजामती सेवा, नेपाल स्वास्थ्य सेवा र सङ्घीय संसद सेवामा" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २९. | मा. जितजंग बस्नेत र मा. विष्णु कुमारी सापकोटा | ६ | (२) | | | "श्रेणीमा बहाल निजामती कर्मचारी" भन्ने शब्दहरूको सट्टा "श्रेणी र तहमा बहाल निजामती कर्मचारी र नेपाल स्वास्थ्य सेवाका कर्मचारी" भन्ने शब्दहरू राखी सोही बमोजिम विधेयकको ठाउँ-ठाउँमा रहेका सान्दर्भिक स्थानमा "नेपाल स्वास्थ्य सेवा" थप गरी मिलाउनु पर्ने। |
| | | | (२) | (ग) | | खण्ड (ग) पछि देहायका खण्ड (घ) र (ङ) थपी त्यसपछिका खण्डक्रम मिलाउनु पर्नेः-<br>"(घ) नेपाल स्वास्थ्य सेवाको बाह्रौं तहमा बहाल रहेको कर्मचारी तेह्रौं तहमा,<br>(ङ) नेपाल स्वास्थ्य सेवाको एघारौं तहमा पाँच वर्ष वा सोभन्दा बढी समय बहाल रहेको कर्मचारी बाह्रौं तहमा," |
| ३०. | मा. डा. अन्जान शाक्य | ६ | (२) | | | "कर्मचारी" भन्ने शब्दपछि "र नेपाल स्वास्थ्य सेवाका कर्मचारी" भन्ने शब्दहरू थप्नु पर्ने। |
| | | | (२) | (ग) | | खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपी त्यसपछिका खण्डक्रम मिलाउनु पर्नेः-<br>"(घ) नेपाल स्वास्थ्य सेवाको बाह्रौं तहमा बहाल रहेको कर्मचारी तेह्रौं तहमा,<br>(ङ) नेपाल स्वास्थ्य सेवाको एघारौं तहमा पाँच वर्ष वा सोभन्दा बढी समय बहाल रहेको कर्मचारी बाह्रौं तहमा," |
| ३१. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू र मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ६ | (२) | | | "श्रेणीमा बहाल निजामती कर्मचारी" भन्ने शब्दहरूको सट्टा "श्रेणी र तहमा बहाल निजामती कर्मचारी, नेपाल स्वास्थ्य सेवा र सङ्घीय संसद सेवाका कर्मचारी" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ३२. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६ | (५) | | | "तोकिएबमोजिम" भन्ने शब्द झिकी पदनाम ऐनमै उल्लेख गर्नु पर्ने। |
| ३३. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू | ७ | (१) | | | प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्नु पर्नेः- "तर नेपाल विविध सेवाका राजपत्राङ्कित द्वितीय श्रेणी वा नवौं र दशौं तहका महिला विकास अधिकृत र पाचौं तहमा कार्यरत कम्प्युटर अपरेटर र राजपत्रअनङ्कित प्रथम श्रेणी महिला विकास निरीक्षक पदमा बहाल कर्मचारीले तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र बढुवाको लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेको भएमा नेपाल प्रशासन सेवाको तोकिए बमोजिमको समूहको तहमा तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुनेछ।" |
| ३४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ७ | (३) | | | "तोकिएबमोजिम" भन्ने शब्द झिक्नु पर्ने। |
| | | | (४) | (घ) | | "निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयको" भन्ने शब्द राख्नु पर्ने। |
| | | | (५) | (ङ) | | "तोकिएको" भन्ने शब्दको सट्टा "निर्धारित" भन्ने शब्द राख्नु पर्ने। |
| ३५. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ९ | (१) | | | "तोकिएबमोजिमको" भन्ने शब्द झिक्नु पर्ने। |
| ३६. | मा. डा. अन्जान शाक्य | ९ | (२) | | | "कार्यबोझ," भन्ने शब्दपछि "सम्बन्धित निजामती कर्मचारीले सम्पादन गर्ने कार्यविवरण, कार्यसम्पादन प्रक्रिया, अपेक्षित परिणाम," भन्ने शब्दहरू थप्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | प्रस्तावित संशोधनका व्यहोरा |
|---|---|---|---|---|---|---|
| ३७. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ९ | (९) | | | "तोकिएबमोजिमको" भन्ने शब्दको सट्टा "एक" भन्ने शब्द राख्नु पर्ने। |
| ३८. | मा. जितजंग बस्नेत र मा. विष्णु कुमारी सापकोटा र मा. पदम बहादुर परियार | १० | (१) | (च) | | खण्ड (च) पछि देहायको खण्ड (छ) थपी त्यसपछिका खण्डक्रम मिलाउनु पर्ने:-<br>(छ) | राजपत्राङ्कित तृतीय श्रेणी | अधिकृत आठौं (भेटेनरी सेवाका दर्तावाल पशु चिकित्सक) | १००% | - | - |
| ३९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १० | (१) | | | "अन्तरतह प्रतियोगिताद्वारा" भन्ने शब्दको सट्टा "अन्तरतह तथा अन्तरसेवा प्रतिष्पर्धाद्वारा" भन्ने शब्दहरू राखी यस दफा र विधेयकको "ठाउँ ठाउँमा रहेका "प्रतियोगिताद्वारा" भन्ने शब्दको सट्टा "प्रतिस्पर्धाद्वारा" भन्ने शब्द राख्नु पर्ने। |
| | | | (१) | (घ) | | "८०%, १०%, १०%" भन्ने अंकहरूको सट्टा ७५%, १५%, १०% भन्ने अंकहरू राख्नु पर्ने। |
| | | | | (ज) | | यस खण्डलाई संशोधन गरेको प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा ९ को उपबुँदा (१) ले राखेको दोस्रो हरफ झिक्नु पर्ने। |
| ४०. | मा. भुवन बहादुर सुनार | १० | (१) | | | अन्तरतह प्रतियोगिता र बढुवामा समेत समावेशी सिद्धान्त बमोजिम पूर्ति गर्ने व्यवस्था गरिनु पर्ने। |
| ४१. | मा. विष्णु बहादुर विश्वकर्मा | १० | (१) | (ख), (ग) | | खुला प्रतियोगिताद्वारा ८०%, अन्तरतह प्रतियोगिताद्वारा १०% र बढुवाद्वारा १०% राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | (ङ) | | खुला प्रतियोगिताद्वारा ६०%, अन्तरतह तथा अन्तरसेवा १०% र बढुवाद्वारा ३०% राख्नु पर्ने। |
| ४२. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | १० | (१) | (घ) | | ८०%, १०% र १०% भन्ने अङ्कहरूको सट्टा ७०%, १०% र २०% भन्ने अङ्कहरू राख्नु पर्ने। |
| ४३. | मा. डा. अन्जान शाक्य | १० | (१) | (च) | | यस खण्डलाई संशोधन गरेको प्रतिवेदनको बुँदा ९ को उपबुँदा (१) ले पहिलो हरफमा राखेको "६०%", "१०%" र "३०%" भन्ने अङ्कहरूको सट्टा क्रमशः "६५%", "१५%" र "२०%" भन्ने अङ्कहरू राख्नु पर्ने। |
| ४४. | मा. जयन्ती देवी राई, मा. भुवन बहादुर सुनार, मा. मृगेन्द्र कुमार सिंह यादव सहितका मा. सदस्यहरू | १० | (१) | (ज) | | यस खण्डलाई संशोधन गरेको प्रतिवेदनको बुँदा ९ को उपबुँदा (१) ले राखेको दोस्रो हरफ झिकी सहसचिवमा १०% खुला रहने सम्बन्धी व्यवस्था यथावत राख्नु पर्ने। |
| ४५. | मा. पदम बहादुर परियार | १० | (१) | (ज) | | यस खण्डलाई संशोधन गरेको प्रतिवेदनको बुँदा ९ को उपबुँदा (१) ले राखेको दोस्रो हरफ झिकी सहसचिवमा १०% खुला रहने सम्बन्धी व्यवस्था यथावत राखी यसै परिच्छेदमा देहायको दफा थप्नु पर्नेः-<br>"११. <u>छड्के प्रवेश सम्बन्धी व्यवस्थाः</u> (१) सङ्घीय निजामती सेवालाई नवप्रवर्तनकारी, आधुनिक र बजारमैत्री बनाउन सहसचिव र उपसचिव तहमा दश प्रतिशत छड्के प्रवेश मार्फत पदपूर्ति गरिने छ।<br>(२) उपदफा (१) बमोजिम पदपूर्ति हुने पद कुन निकायको लागि हो सो पदपूर्ति हुँदाको समयमा नै तोकिनेछ। |



२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | (३) उपदफा (१) बमोजिम पदपूर्ति हुने पदको साठी प्रतिशत पदमा निजी क्षेत्र, सार्वजनिक संस्थान, विश्वविद्यालय, गैरसरकारी संस्थामा कार्यरत वा आफ्नै पहलमा समाजमा उल्लेखनीय योगदान दिन सफल नेपाली नागरिकहरूबीच मात्र प्रतिस्पर्धा गराइनेछ।<br>(४) उपदफा (१) बमोजिम पदपूर्ति हुने पदको चालिस प्रतिशतमा स्वदेशी तथा विदेशी विश्वविद्यालयहरूबाट स्नातकोत्तर तहमा स्वर्ण पदक प्राप्त विद्यार्थीहरूबीच मात्र प्रतिस्पर्धा गराइनेछ।<br>(५) उपदफा (३) र (४) बमोजिम हुने पदपूर्ति लोक सेवा आयोगद्वारा मामिला प्रस्तुतिकरण, Integrity Testing Assessment Method लगायतका आधुनिक विधिहरू प्रयोग गरी गरिनेछ।<br>(६) उपदफा (३) र (४) बमोजिम पदपूर्ति भएका कर्मचारीलाई जुन निकायका लागि पदपूर्ति भएको हो सोही निकायको काममा मात्र लगाइनेछ।<br>(७) उपदफा (३) र (४) बमोजिम पदपूर्ति भएका कर्मचारीको कार्यसम्पादन मापनका लागि तोकिए बमोजिमको मापदण्ड बनाई तिनसय साठी डिग्रीको मूल्याङ्कन विधि प्रयोग गरिनेछ र उच्च कार्यसम्पादन स्तर प्राप्त नभएमा सेवाबाट अवकाश दिइनेछ। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | (८) छड्के प्रवेश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" |
| ४६. | मा. भुवन बहादुर सुनार र मा. पदम बहादुर परियार | १० | (२) | | | यस उपदफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नु पर्नेः- "तर समावेशी समूहका लागि एक वर्ष कम अनुभव प्राप्त गरेको व्यक्ति समेत उम्मेदवार हुन सक्नेछ।" |
| ४७. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | १० | (२) | | | "सात वर्ष" भन्ने शब्दहरूको सट्टा "पाँच वर्ष" र "दश वर्ष" भन्ने शब्दहरूको सट्टा "सात वर्ष" भन्ने शब्दहरू राखु पर्ने। |
| ४८. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १० | (२) | | | उपदफा (२) को सट्टा देहायको उपदफा (२) र (३) राखी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्नेः- "(२) उपदफा (१) को खण्ड (छ) मा उल्लिखित खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने राजपत्राङ्कित द्वितीय श्रेणीको पदका लागि उम्मेदवार हुन सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवा वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाको अधिकृत स्तरमा सात वर्ष, सहायक पाँचौं तहमा नौ वर्ष र सहायक चौथो तहमा दश वर्षको सेवा अनुभव भएको व्यक्ति योग्य हुनेछ। (३) उपदफा (१) को खण्ड (ज) मा उल्लिखित खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने राजपत्राङ्कित प्रथम श्रेणीको पदका लागि उम्मेदवार हुन सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र सङ्घीय निजामती सेवा, प्रदेश |

२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | निजामती सेवा र स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवा वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाको अधिकृत स्तरमा दश वर्ष, सहायक पाँचौं तहमा एघार वर्ष र सहायक चौथो तहमा बाह्र वर्षको सेवा अनुभव भएको व्यक्ति योग्य हुनेछ।" <br> साथै उपदफा (३) पछि उपदफा (२) र (३) को प्रयोजनको लागि "अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था"को सम्बन्धमा स्पष्टीकरण थप्नु पर्ने। |
| ४९. | मा. विष्णु बहादुर विश्वकर्मा | १० | (२) | | | "सात वर्ष" भन्ने शब्दहरूको सट्टा "पाँच वर्ष" र "दश वर्ष" भन्ने शब्दहरूको सट्टा "आठ वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ५०. | मा. कमला देवी पन्त सहितका मा. सदस्यहरू | १० | (२) | | | उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नु पर्ने: <br> "(२) उपदफा (१) को खण्ड (छ) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिने राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पदको लागि सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवामा वहाल रहेको कर्मचारी र अन्य कुनै सरकारी सेवा वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त गरेको व्यक्ति उम्मेदवार हुन सक्नेछ। तर विधावारिधिस्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।" |
| ५१. | मा. जयन्ती देवी राई | १० | (५) | (ख) | | यस खण्डको सट्टा देहायको खण्ड (ख) राख्नु पर्ने:- <br> "(ख) राजपत्राङ्कित प्रथम श्रेणीको खुला प्रतिस्पर्धात्मक परीक्षाको लागि अधिकृतस्तरको पदमा सात वर्ष र अन्तरतह प्रतियोगिताको लागि |



२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | उपसचिवस्तरको पदमा पाँच वर्षको अनुभव भएको र द्वितीय श्रेणीको खुला र आन्तरिक प्रतिस्पर्धात्मक परीक्षाको लागि पाँच वर्ष पूरा भएको," |
| ५२. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १० | (७) | | | प्रतिबन्धात्मक वाक्यांशमा रहेका "तोकिए बमोजिमको" भन्ने शब्दहरू झिकी सेवाका समूहहरू ऐनमै उल्लेख गर्नु पर्ने र यसैको अन्त्यमा रहेको "हुनेछ" भन्ने शब्दपछि "र न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र बढुवाको लागि आवश्यक सेवा अवधि पूरा गरेको नेपाल विविध सेवा राजपत्राङ्कित द्वितीय श्रेणी वा नवौं वा दशौं तहको महिला विकास अधिकृत एघारौं तहको पदमा हुने बढुवाको लागि र राजपत्र अनङ्कित प्रथम श्रेणी महिला विकास निरीक्षक पदमा बहाल रहेको वा उक्त पदबाट अधिकृत छैठौं तहमा तहवृद्धि भएको कर्मचारी सातौं तहको पदमा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछ" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ५३. | मा. मृगेन्द्र कुमार सिंह यादव सहितका मा. सदस्यहरू | १० | (७) | | | प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्नु पर्नेः- "तर प्रशासन सेवाको एघारौं तहमा बढुवा प्रयोजनको लागि नेपाल विविध सेवा राजपत्राङ्कित द्वितीय श्रेणी वा नवौ वा दशौं तहका प्रमुख महिला विकास अधिकृत सम्भाव्य उम्मेदवार हुनेछन् र सहायक पाँचौ तहको कम्प्युटर अपरेटर राजपत्र अनङ्कित प्रथप श्रेणी महिला विकास निरीक्षक पदमा बहाल रहेको वा सो पदबाट अधिकृत छैटौं तहमा तहवृद्धि भएको निजामती कर्मचारीले तोकिएको न्युनतम शैक्षिक योग्यता हासिल गरेको र बढुवाका लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेको भएमा नेपाल प्रशासन सेवाको तोकिए बमोजिमको |

२१५.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | समूहको अधिकृत सातौं तहको पदमा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछ।" |
| ५४. | मा. कमला देवी पन्त सहितका मा. सदस्यहरू | १० | (९) | | | उपदफा (९) को सट्टा प्रतिवेदनको बुँदा ९ को उपबुँदा (५) ले राखेको उपदफा (९) को सट्टा देहायको उपदफा (९) राख्नु पर्ने:-<br>"(९) उपदफा (५) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिम अन्तरतह प्रतियोगिताको लागि छुट्याइएको पदमा राजपत्र अनङ्कित द्वितिय श्रेणीका पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र बढुवाको लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि पूरा गरेका राजपत्र अनङ्कित पाँचौं श्रेणीका निजामती कर्मचारी वा निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका त्यस्तो योग्यता र सेवा अवधि पूरा गरेका सो श्रेणीका कर्मचारी वा बढुवाको लागि छुट्याइएको पदमा राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र कम्तीमा तीन वर्ष अवधि पूरा गरेका राजपत्र अनङ्कित पाँचौं तहका निजामती कर्मचारी वा निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तोकिएको योग्यता र सेवा अवधि पूरा गरेका सो श्रेणीका कर्मचारी उमेदवार हुनेछन्।" |
| ५५. | मा. कमला देवी पन्त सहितका मा. सदस्यहरू र मा. जितजंग | १० | (११) | | | उपदफा (११) प्रतिवेदन अनुसार मिलाउँदा कायम हुने उपदफा (१२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नु पर्ने:- |



२१५

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | बस्नेत र मा. विष्णु कुमारी सापकोटा | | | | | "तर प्राविधिक सेवाको सहायक पाँचौं तहको पदको पदपूर्तिमा खुला प्रतियोगिताद्वारा ४०%, अन्तरतह प्रतियोगिताद्वारा १०% र बढुवाद्वारा ५०% पूर्ति गरिनेछ।" |
| ५६. | मा. डा. अन्जान शाक्य | १० | (१३) | | | "कम्प्युटर अपरेटर" भन्ने शब्दहरूपछि ", कम्प्युटर टेक्निसियन, टेलिफोन अपरेटर तथा अन्य प्राविधिक" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ५७. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू र मा. सुरेश कुमार आलेमगर सहितका मा.सदस्यहरू | १० | (१३) | | | "सहायक कम्प्युटर अपरेटर" भन्ने शब्दहरूपछि "र टेलिफोन अपरेटर" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ५८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १० | (१४) | | | देहायको प्रतिबन्धात्मक वाक्य राख्नु पर्ने: "तर विगत लामो समयदेखि अस्थायी, करार वा ज्यालादारीमा काम गरिरहेका कर्मचारीहरू, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत कार्यरत सामाजिक परिचालकहरू र कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कार्यरत कृषि प्राविधिक र पशु चिकित्सकहरूका लागि एक पटकलाई उमेर हद नलाग्ने गरी आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गरिनेछ। आन्तरिक प्रतिष्पर्धाबाट स्थायी हुन नचाहने वा नसक्ने कर्मचारीलाई निजको योगदान अवधिको मूल्याङ्कन गरी प्रोत्साहन रकमसहित सेवाबाट बिदा गर्न सकिनेछ।" |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| ५९. | मा. विष्णु बहादुर विश्वकर्मा | १० | (१४) र (१५) | | | उपदफा (१४) र (१५) को सट्टा देहायको उपदफा (१४) राख्नु पर्ने:- "(१४) एकमुष्ट मागको आधारमा सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी राजपत्र अनङ्कित पाँचौं श्रेणीका रिक्त पदहरू समानुपतिक प्रणालीका आधारमा स्थायी पदपूर्ति गरिने छ।" |
| ६०. | मा. भुवन बहादुर सुनार | १० | (१५) | | | झिक्नु पर्ने। |
| ६१. | मा. पदम बहादुर परियार | १० | (१५) | | | विधेयकको उपदफा (१५) को सट्टा देहायको उपदफा (१५) राख्नु पर्ने: "(१५) उपदफा (१) को खण्ड (क) बमोजिम राजपत्र अनङ्कित पाँचौं श्रेणी सहायक पहिलो तहको पदपूर्ति गर्दा १०० प्रतिशत खुल्ला प्रतियोगिताद्वारा समावेशी प्रणाली अनुसार गर्नु पर्नेछ।" |
| ६२. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | १० | (१५) | | | उपदफा (१५) पछि देहायको उपदफा (१६) थप्नु पर्ने:- "(१६) यो ऐन प्रारम्भ हुँदाका बखत अस्थायी, करार र ज्यालादारीमा कार्यरत रहेका कर्मचारीलाई स्थायी नियुक्तिको प्रक्रियामा एकपटकका लागि आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन मौका दिइनेछ र सो प्रक्रिया पूरा गर्न नसक्नेलाई सेवा अवधिको आधारमा ऐन बमोजिम उपदानको व्यवस्था गरिनेछ।" |
| ६३. | मा. विष्णु बहादुर विश्वकर्मा | ११ | (१) | | | "उन्चास" भन्ने शब्दको सट्टा "साठी" भन्ने शब्द राख्नु पर्ने। |
| | | | (२) | (क) | | "सत्ताइस" भन्ने शब्दको सट्टा "बाईस" भन्ने शब्द राख्नु पर्ने। |
| | | | | (घ) | | "बाह्र" भन्ने शब्दको सट्टा "पन्ध्र" भन्ने शब्द राख्नु पर्ने। |
| | | | | (च) | | "चार" भन्ने शब्दको सट्टा "पाँच" भन्ने शब्द राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको |  |  |  | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
|  |  | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड |  |
|  |  |  |  | (छ) |  | "चार" भन्ने शब्दको सट्टा "पाँच" भन्ने शब्द राख्नु पर्ने। |
|  |  |  |  | (ज) |  | "चार" भन्ने शब्दको सट्टा "पाँच" भन्ने शब्द राख्नु पर्ने। |
| ६४. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ११ | (२) |  |  | स्पष्टीकरणमा रहेका "तोकिए बमोजिमका" भन्ने शब्दहरू झिकी जिल्ला र स्थानीय तह ऐनमै उल्लेख गर्नु पर्ने। |
|  |  |  | (४), (५) |  |  | "उपयुक्त" भन्ने शब्दको सट्टा "योग्यता पुगेको" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ६५. | मा. पदम बहादुर परियार र मा. भुवन बहादुर सुनार | ११ | (४) र ५ |  |  | उपदफा (४) र (५) को सट्टा देहायका उपदफा (४) र (५) राख्नु पर्ने:-<br>"(४) उपदफा (२) मा महिलाहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको पदमध्ये कुनै समूहको महिलाका लागि छुट्याइएको सबै वा केही पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकेमा सोही समूहका लागि अर्को वर्ष पुनः विज्ञापन गर्नु पर्नेछ।<br>(५) उपदफा (२) र (३) बमोजिम छुट्याइएको पदमा उपदफा (४) बमोजिम समेत पूर्ति हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गरिनेछ र त्यसरी गरिएको विज्ञापनमा समेत सम्बन्धित समूहबाट पदपूर्ति हुन नसकेमा त्यस्तो पद अर्को वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ। |

२१५.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | तर सो वर्ष खुला प्रतियोगताद्वारा पूर्ति हुने गरी विज्ञापन नभएकोमा त्यस्तो पद अर्को वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति गर्ने पदमा समावेश गरी पदपूर्ति गर्नु पर्नेछ।" |
| ६६. | मा. विष्णु बहादुर विश्वकर्मा | ११ | (४) र (५) | | | उपदफा (४) र (५) को सट्टामा देहायको उपदफा (४) राखी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्नेः-<br>"(४) विज्ञापन भएको पदमा पूर्ति हुन नसके तापनि सोही समूहको उम्मेद्वारबाट मात्र पदपूर्ति गरिने छ।" |
| ६७. | मा. विष्णु बहादुर विश्वकर्मा, मा. भुवन बहादुर सुनार र मा. पदम बहादुर परियार | ११ | (८) | | | "महिलाले" भन्ने शब्दको सट्टा "महिला वा दलितले" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ६८. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ११ | (९) | | | "तोकिएबमोजिमका" भन्ने शब्द झिक्नु पर्ने। |
| ६९. | मा. मृगेन्द्र कुमार सिंह यादव सहितका मा. सदस्यहरू | ११ | (१०) | | | उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राख्नु पर्नेः-<br>"(१०) आरक्षणको सुविधा एक व्यक्तिले राजपत्र अनङ्कित पदमा वा राजपत्राङ्कित कुनै पदमा दुइपटकसम्म लिन पाउनेछ।" |
| ७०. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू, मा. पदम बहादुर परियार र मा. भुवन बहादुर सुनार | ११ | (१०) | | | झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |



२१५.

२१९.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ७१. | मा. विष्णु बहादुर विश्वकर्मा | ११ | (१०) | | | "एक पटक" भन्ने शब्दहरू र "एकपटक" भन्ने शब्दको सट्टा "दुई पटक" भन्ने शब्दहरु राख्नु पर्ने। |
| ७२. | मा. डा.बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ११ | (११) | | | "तोकिएबमोजिमको" भन्ने शब्द झिक्नु पर्ने। |
| ७३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १६ | (३) | | | झिक्नु पर्ने। |
| ७४. | मा. पदम बहादुर परियार | १८ | (१) | (ग) | | प्रतिबन्धात्मक वाक्यांशको क्रम सङ्ख्या (२) मा रहेका "चालिस" भन्ने शब्दको सट्टा "पैंतालिस" भन्ने शब्द राखी प्रतिवेदनको बुँदा १३ को उपबुँदा (२) को खण्ड (क) झिक्नु पर्ने। |
| ७५. | मा. विष्णु बहादुर विश्वकर्मा | १८ | (१) | (ग) | | खण्ड (ग) पछि देहायको खण्ड (घ) थपी त्यसपछिका खण्डक्रम मिलाउनु पर्नेः-<br>"(घ) दलित, महिला उम्मेदवारको हकमा चालिस वर्ष र दलित पुरूषको हकमा पैंतिस वर्ष ननाघेको," |
| ७६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १८ | (१) | (घ) | | झिक्नु पर्ने |
| ७७. | मा. विष्णु बहादुर विश्वकर्मा र मा. तुल प्रसाद विश्वकर्मा | १८ | (२) | (क) | | "बहुविवाह" भन्ने शब्दपछि ", जातीय विभेद सम्बन्धी कसुर" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ७८. | मा. शेखर कुमार सिंह | २० | | | | दफा २० को दफा शीर्षकपछिको बेहोरालाई उपदफा (१) कायम गरी देहायका उपदफा (२), (३) र (४) थप्नु पर्नेः- |



२१५.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | "(२) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गतका सामाजिक परिचालिका महिला कर्मचारीहरूको लागि एक पटकको लागि आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपूर्ति गरिनेछ।<br>(३) उपदफा (२) बमोजिमका महिला सामाजिक परिचालिकाहरूलाई सङ्घीय निजामती सेवामा रहने गरी महिला सशक्तीकरणको काम गर्ने, महिला विकास कार्यक्रम र सो सेवासँग सम्बन्धित महिला सामाजिक परिचालिकालाई पुनस्थापना गरी सङ्घीय निजामती सेवामा खटाउनु पर्नेछ।<br>(४) उपदफा (२) बमोजिम स्थायी भएका कर्मचारीको सेवा अवधि सुरूदेखि नै कायम गरिनेछ।" |
| ७९. | मा. कमला देवी पन्त सहितका मा. सदस्यहरू | २० | | | | दफा २० को सट्टा देहायको दफा २० राख्नु पर्नेः-<br>"२०. <u>ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने</u>ः (१) दफा १० को उपदफा (१४) बमोजिम बाहेक निजामती कर्मचारीले गर्नु पर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न पाइने छैन।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेका र तोकिएको सेवा अवधि पूरा गरेका करारका कर्मचारी बीच प्रतिस्पर्धा गराई स्थायी गरिनेछ र स्थायी हुन नसकेको कर्मचारीलाई तोकिए बमोजिमको सुविधा उपलब्ध गराइनेछ। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | (३) करारका कर्मचारीबीच प्रतियोगिता गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" |
| ८०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २२ | | | | "तोकिएबमोजिम" भन्ने शब्दको सट्टा "अनुसूची-१ बमोजिम" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ८१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २४ | | | | दफा २४ को सट्टा प्रतिवेदनको बुँदा १८ ले राखेको दफा २४ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्नु पर्ने:-<br>"(ग) अधिकृत तेह्रौं तहका निजामती कर्मचारीको छ वर्ष।" |
| ८२. | मा. डा. अन्जान शाक्य | २४ | | | | दफा २४ को सट्टा प्रतिवेदनको बुँदा १८ ले राखेको दफा २४ को उपदफा (१) को खण्ड (क) मा रहेका "दुई वर्ष " भन्ने शब्दहरूको सट्टा "तीन वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ८३. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू, मा. मृगेन्द्र कुमार सिंह यादव सहितका मा. सदस्यहरू र मा. कृष्ण बहादुर रोकाय सहितका मा. सदस्यहरू | २४ | | | | दफा २४ को सट्टा प्रतिवेदनको बुँदा १८ ले राखेको दफा २४ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्नु पर्ने:-<br>"(ग) अधिकृत तेह्रौं तहका निजामती कर्मचारीको पाँच वर्ष।" |
| ८४. | मा. डा. अन्जान शाक्य | २५ | (१) | | | "बढुवाका लागि सम्भाव्य उमेदवार भइसकेको" भन्ने शब्दहरू झिकी यसैमा रहेका "कायममुकायम मुकरर गर्न सकिनेछ" भन्ने शब्दहरूको सट्टा "स्वतः कायममुकायम मुकरर हुनेछ" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ८५. | मा. पदम बहादुर परियार | २६ | (२) | (ग) | | खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्नेः-<br>"(घ) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका तत्कालीन समयका निजामती सेवाका कर्मचारीहरूलाई तोकिएको आधार र संख्यामा मन्त्रालयले सरुवा गर्न सक्ने।" |
| ८६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २६ | (३) | | | उपदफा (३) को सट्टा प्रतिवेदनको बुँदा १९ को उपबुँदा (२) ले राखेको उपदफा (३) मा देहायका प्रतिबन्धात्मक वाक्यांश थप्नु पर्नेः-<br>"तर प्रदेश र स्थानीय सेवामा कार्यरत कर्मचारीलाई क्यान्सर, मुटुरोग, मृगौला, हेड ईन्जुरी, स्पाइनल ईन्जुरी, सिकलसेल एनिमिया, पार्किन्सन र अल्जाइमरजस्ता रोग लागी उपचारका सिलासिलामा सुविधायुक्त अस्पतालमा नियमित सम्पर्कमा रहनु पर्ने स्थिति भएमा नेपाल सरकारको सरकारी अस्पतालको सिफारिस बमोजिम मन्त्रालय वा सेवा सञ्चालन गर्ने केन्द्रीय निकायमा काजमा राख्न बाधा पर्ने छैन। यसरी काजमा राखिएको अवधिको तलबभत्ता पदाधिकार रहेकै कार्यालयबाट उपलब्ध हुनेछ।" |
| ८७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २६ | (२०) | | | झिक्नु पर्ने। |
| ८८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २८ | (५) | | | "तोकिएबमोजिमको" भन्ने शब्दको सट्टा "देहाय बमोजिम" भन्ने शब्दहरू राखी समितिको संरचना ऐनमै उल्लेख गर्नु पर्ने। |
| ८९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २९ | (१०) | | | प्रतिबन्धात्मक वाक्यांशमा रहेका "मनासिव कारण परेको अवस्थामा" भन्ने शब्दहरूको सट्टा "काबुबाहिरको परिस्थितिमा" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ९०. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू र मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू | ३० | (१) | (क) | | "पाँच वर्ष" भन्ने शब्दहरूको सट्टा "तीन वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| | | | | (ख) | | "सात वर्ष" भन्ने शब्दहरूको सट्टा "पाँच वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ९१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ३० | (१) | (क) | | "पाँच वर्ष" भन्ने शब्दहरूको सट्टा "चार वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| | | | | (ख) | | "सात वर्ष" भन्ने शब्दहरूको सट्टा "छ वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ९२. | मा. कृष्ण बहादुर रोकाय सहितका मा. सदस्यहरू | ३० | (१) | | | यस उपदफाको सट्टा देहायको उपदफा (१) राख्नु पर्नेः-<br>"(१) बढुवाका लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-<br>(क) राजपत्र अनङ्कित पदका लागि तीन वर्ष,<br>(ख) राजपत्राङ्कित पदका लागि पाँच वर्ष।" |
| ९३. | मा. डा. अन्जान शाक्य | ३० | (१) | (ख) | | "सात वर्ष" भन्ने शब्दहरूको सट्टा "पाँच वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ९४. | मा. विष्णु बहादुर विश्वकर्मा | ३० | (१) | (ख) | | खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्नु पर्नेः-<br>"(ग) महिला र दलितको हकमा राजपत्र अनकिंत पदका लागि तीन वर्ष र राजपत्राङ्कित पदका लागि पाँच वर्ष पूरा भएको।" |
| ९५. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ३० | (२) | | | उपदफा (२) पछि देहायको उपदफा (३) थप्नु पर्नेः- |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | "(३) यस उपदफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११ को उपदफा (३) मा उल्लिखित समूहका कर्मचारीहरूका लागि एक वर्ष कमको सेवा अवधी भए पनि बढुवा लागि सम्भाव्य उम्मेदवार हुनेछन्।" |
| ९६. | मा. डा. अन्जान शाक्य | ३१ | (१) | | | "देहायको अवस्थामा देहायको" भन्ने शब्दहरूको सट्टा "दफा ११३ बमोजिम नकारात्मक सूचीमा राखेको" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ९७. | मा. डा. अन्जान शाक्य | ३४ | (१८) | | | उपदफा (१८) पछि देहायका उपदफा (१९), (२०) र (२१) थप्नु पर्नेः- "(१९) कार्यसम्पादन सम्झौताको उपलब्धिस्तरको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।<br>(२०) उपदफा (१९) बमोजिम कार्यसम्पादन मूल्याङ्कन गर्दा तोकिएको स्तर भन्दा कम उपलब्धि हासिल गर्ने निजामती कर्मचारीलाई तोकिए बमोजिम विभागीय सजाय हुनेछ।<br>(२१) यस दफा बमोजिम कार्यालय प्रमुख र विभागीय प्रमुखको कार्यसम्पादन मूल्याङ्कनको विवरण प्रत्येक चार महिनामा सम्बन्धित कार्यालयको वेबसाइट मार्फत सार्वजनिक गरिने छ।" |
| ९८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ३५ | (१) | | | यस उपदफाको सट्टा प्रतिवेदनको बुँदा २३ को उपबुँदा (१) ले राखेको उपदफा (१) मा रहेको "तोकिए बमोजिम" भन्ने शब्दहरूको सट्टा "देहाय बमोजिम" भन्ने शब्दहरू राखी क्षेत्रको वर्गीकरण ऐनमै उल्लेख गर्नु पर्ने। |
| ९९. | मा. पदम बहादुर परियार | ३५ | (५) | | | उपदफा (५) पछि देहायको उपदफा (६) थपी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः- |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | "(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ज्येष्ठता वापतको पूरा अङ्क पाएको अपाङ्गता भएका निजामती कर्मचारीलाई अपाङ्गताको गम्भीरताको आधारमा भौगोलिक अङ्क वापतको पूर्णाङ्क प्रदान गरी सो पदमा साथै नियुक्ति लिएका अन्य कर्मचारी सरह बढुवा गरिनेछ।" |
| १००. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ३६ | (१) | | | "तोकिएको" भन्ने शब्दको सट्टा "देहायको" भन्ने शब्द राखी देहायको योग्यता राख्नु पर्नेः-<br>(क) राजपत्र अनङ्कित द्वितीय श्रेणी वा सहायकस्तर चौथो तह — एस.एल.सी.वा टि.एस.एल.सी एस.इ.इ. उत्तीर्ण<br>(ख) राजपत्र अनङ्कित प्रथम श्रेणी वा सहायकस्तर पाचौं तह — प्रमाण पत्र तह वा +२ उत्तीर्ण<br>(ग) राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं तह — स्नातक तह उत्तीर्ण<br>(घ) राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं तह — स्नातकोत्तर तह उत्तीर्ण |
| १०१. | मा. पदम बहादुर परियार | ४० | (५) | | | उपदफा (५) पछि देहायको उपदफा (६) थप्नु पर्नेः-<br>"(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीको देहायका पदमा बाह्र वर्ष बहाल रहिरहेको, पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेको र दफा ११३ बमोजिमको नकारात्मक सूचीमा नपरेको निजामती कर्मचारीलाई तपसिल |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | बमोजिम साबिकको श्रेणीको पदभन्दा माथिल्लो श्रेणीको पदमा बढुवा गरी पदस्थापना गरिने छः-<br>(क) राजपत्र अनङ्कित द्वितीय श्रेणी खरिदार वा सो सरह- राजपत्र अनङ्कित प्रथम श्रेणी (सहायक पाँचौं),<br>(ख) राजपत्र अनङ्कित प्रथम श्रेणी नायब सुब्बा वा सो सरह- राजपत्राङ्कित तृतीय श्रेणी (अधिकृत सातौं),<br>(ग) राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह - राजपत्राङ्कित द्वितीय श्रेणी (अधिकृत नवौं)।" |
| १०२. | मा. कृष्ण बहादुर रोकाय सहितका मा. सदस्यहरू | ४० | (५) | | | उपदफा (५) पछि देहायको उपदफा (६) थप्नु पर्नेः-<br>"(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीको देहायका पदमा बाह्र वर्ष बहाल रहिरहेको, पछिल्लो तीन वर्षको कार्यसम्पादनमा कम्तीमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेको र दफा ११३ बमोजिमको नकारात्मक सूचीमा नपरेको निजामती कर्मचारीलाई तपसिल बमोजिम साविकको श्रेणीको पदभन्दा माथिल्लो पदमा बढुवा गरी पदस्थापन गरिनेछः-<br>(क) राजपत्र अनङ्कित द्वितीय श्रेणीको कर्मचारीलाई राजपत्र अनङ्कित द्वितीय श्रेणीमा,<br>(ख) राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारीलाई राजपत्रांकित तृतीय श्रेणी (अधिकृत सातौ) मा, |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | (ग) राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीलाई राजपत्राङ्कित द्वितीय श्रेणी (अधिकृत नवौं) मा,<br>(घ) राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीलाई राजपत्राङ्कित प्रथम श्रेणी (अधिकृत एघारौं) मा।<br>स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि अधिकृत सातौं तहको पदमा बढुवाका लागि पाँचौं र छैठौंको सेवा अवधि, अधिकृत नवौंका लागि छैठौं, सातौं र आठौंको सेवा अवधि र आठौंको सेवा अवधि र अधिकृत एघारौंको लागि नवौं र दशौंको सेवा अवधि गणना हुनेछ।" |
| १०३. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ४० | | | | उपदफा (५) पछि देहायको उपदफा (६) थप्नु पर्नेः-<br>"(६) एउटै पदमा निरन्तर बाह्र वर्षभन्दा बढी सेवा अवधि भएको कर्मचारीलाई एक श्रेणी माथिको पदमा बढुवा गरिनेछ।" |
| १०४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४१ | | | | "४० तथा सो अन्तर्गत बनेको नियममा भएको" भन्ने शब्दहरूको सट्टा "४० मा भएको" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १०५. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४२ | (१) | (क) | | खण्डहरूको सुरुमा देहायको खण्ड (क) राखी त्यसपछिका खण्डक्रम मिलाउनु पर्नेः-<br>"(क) सहायक चौथो तह" |
| १०६. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू, मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ४२ | (१) | | | "सात वर्ष" भन्ने शब्दहरूको सट्टा "पाँच वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | र मा. कमला देवी पन्त सहितका मा. सदस्यहरू | | | | | |
| १०७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४५ | (४) | | | "तोकिएबमोजिम" भन्ने शब्द झिक्नु पर्ने। |
| १०८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४६ | (३) | | | "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा" भन्ने शब्दहरूको सट्टा "यस ऐनमा" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १०९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५० | (४), (५) | | | "तोकिएबमोजिम" भन्ने शब्द झिक्नु पर्ने। |
| ११०. | मा. पदम बहादुर परियार | ५२ | | | | दफा ५२ को सट्टा देहायको दफा ५२ राख्नु पर्ने:-<br>"५२. स्वास्थ्य बिमामा आवद्ध गरिने: नेपाल सरकारले निजामती कार्मचारी तथा निजामती कर्मचारीका परिवारका सदस्यको औषधी उपचारको लागि प्रचलित कानुन बमोजिम स्थापना भएको स्वास्थ्य बीमा बोर्डबाट सञ्चालित स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्नेछ।" |
| १११. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू र मा. मृगेन्द्र कुमार सिंह यादव सहितका मा. सदस्यहरू | ५२ | | | | "औषधी उपचारको लागि" भन्ने शब्दहरूपछिका शब्दहरूको सट्टा "निजामती कर्मचारीको स्वास्थ्य बीमा प्रचलित कानुन बमोजिम स्थापना भएको स्वास्थ्य बीमा बोर्डबाट सञ्चालित स्वास्थ्य बीमा कार्यक्रम मार्फत हुनेछ" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ११२. | मा. सुरेश कुमार आलेमगर सहितका मा.सदस्यहरू, मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू र मा. जितजंग बस्नेत र मा. विष्णु कुमारी सापकोटा | ५२ | | | | "सामाजिक सुरक्षा कोषसँग आबद्ध गरी योगदानमा आधारित" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य बिमा बोर्डद्वारा सञ्चालित स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गरी" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ११३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५५ | | | | "तोकिएबमोजिमको रकम एकमुष्ट" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ११४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५७ | (१) | | | "तोकिए बमोजिमको" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ११५. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू र मा. शेखर कुमार सिंह | ५८ | (१) | | | प्रतिबन्धात्मक वाक्यांशको सट्टा प्रतिवेदनको बुँदा ३४ ले राखेको प्रतिबन्धातमक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्नु पर्ने:-<br>"तर यो ऐन प्रारम्भ हुँदा कायम रहेको आर्थिक वर्षको बाँकी अवधिमा अन्ठाउन्न वर्ष उमेर पूरा हुने निजामती कर्मचारीले उनान्साठी वर्ष उमेर पूरा भएपछि अवकाश पाउने छन्।" |
| ११६. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ५८ | (१) | | | प्रतिबन्धात्मक वाक्यांशको सट्टा प्रतिवेदनको बुँदा ३४ ले राखेको प्रतिबन्धातमक वाक्यांशको खण्ड (क) मा रहेको "भएको" भन्ने शब्दपछि "बाँकी" भन्ने शब्द थप्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ११७. | मा. डा. अन्जान शाक्य | ६१ | | | | "यसरी स्वैच्छिक अवकाश लिने कर्मचारीको साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा पाँच वर्षसम्म सेवाअवधि थप गरी निवृत्तिभरणका लागि जम्मा सेवाअवधि कायम गरिनेछ।" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ११८. | मा. तुल प्रसाद विश्वकर्मा | ६१ | | | | यस दफाको सट्टा निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) को व्यवस्था कायम गर्नु पर्ने। |
| ११९. | मा. डा. अन्जान शाक्य | ६३ | (६) | | | यस उपदफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा ३५ को उपबुँदा (२) ले सट्टामा राखेका शब्दहरूमध्ये "दुई वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "नपुग" भन्ने शब्द राख्नु पर्ने। |
| १२०. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ६३ | (६) | | | "यो ऐन प्रारम्भ भएको आर्थिक वर्षभित्र" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| १२१. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू | ६३ | (६) | | | यस उपदफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा ३५ को उपबुँदा (२) ले सट्टामा राखेका शब्दहरूमध्ये "बढीमा दुई वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "दुई वर्ष वा नपुग" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १२२. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६३ | (८) | | | झिक्नु पर्ने। |
| १२३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६४ | (७) | | | झिक्नु पर्ने। |

२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १२४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६७ | (३) | | | "तोकिएबमोजिम" भन्ने शब्द झिक्नु पर्ने। |
| १२५. | मा. तुल प्रसाद विश्वकर्मा | ६८ | (१) | | | "बहुविवाह" भन्ने शब्दपछि ", जातीय विभेद सम्बन्धी कसुर" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १२६. | मा. भुवन बहादुर सुनार | ७१ | (५) | | | "समान र न्यायोचित तवरले" भन्ने शब्दहरूको सट्टा "समानुपातिक प्रणाली बमोजिम समान र न्यायोचित" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १२७. | मा. पदम बहादुर परियार | ७१ | (५) | | | "समान र न्यायोचित तवरले" भन्ने शब्दहरूको सट्टा "समानुपातिक र समावेशी प्रणाली बमोजिम" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १२८. | मा. विष्णु बहादुर विश्वकर्मा | ७१ | (५) | | | "कर्मचारीबीच" भन्ने शब्दपछि "महिला र दलितलाई प्राथमिकता दिई" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १२९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ७८ | | | | दफाशीर्षकमा रहेको "आलोचना" भन्ने शब्दको सट्टा "नीति विपरीत कार्य" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १३०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ७९ | | | | दफाशीर्षकमा रहेका "समाचार प्रकाश गर्नमा प्रतिबन्ध" भन्ने शब्दहरूको सट्टा "विषय प्रकाश गर्न नहुने" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १३१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ८० | | | | दफाशीर्षकमा रहेका "लिनमा प्रतिबन्ध" भन्ने शब्दहरूको सट्टा "लिन नहुने" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १३२. | मा. डा. अज्ञान शाक्य र मा. शेखर कुमार सिंह | ८२ | | | | यो दफा र यस दफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा ४३ झिक्नु पर्ने। |



२१५

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १३३. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ८२ | (२) | (ङ) | | "संस्थामा" भन्ने शब्दपछि " कार्यालय समय बाहेक" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १३४. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू | ८२ | (३) | | | "कुनै पनि निजामती कर्मचारीले प्रशिक्षण दिन पाउने छैन" भन्ने शब्दहरूको सट्टा "अख्तियारवाला निकायको पूर्वस्वीकृति लिई कार्यालय समय बाहेक र कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण दिन पाउनेछ" भन्ने शब्दहरू राख्नु पर्ने।<br>यस उपदफापछि उपदफा (४) थपेको प्रतिवेदनको बुँदा ४३ को उपबुँदा (१) झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |
| १३५. | मा. जयन्ती देवी राई | ८२ | (३) | | | उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नु पर्ने:-<br>"(३) उपदफा (२) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको तयारीका लागि सञ्चालन गरिने प्रशिक्षण कार्यक्रममा अख्तियारवाला निकायको पूर्वस्वीकृती लिई कार्यालय समय बाहेक र कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण दिन पाइनेछ।" |
| १३६. | मा. कमला देवी पन्त सहितका मा. सदस्यहरू | ८२ | (३) | | | उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नु पर्ने:<br>"(३) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुने वा त्यस्ता निकायमा कार्यरत कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण |

२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | दिएको व्यक्तिले पाँच वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन।" |
| १३७. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ८२ | (४) | | | उपदफा (४) प्रतिवेदन अनुसार कायम भएको उपदफा (५) मा रहेका "दुई वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म" भन्ने शब्दहरू राखी यसैको खण्ड (क) मा रहेका "नियुक्ति बाहेकको" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| १३८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ८२ | (४) | (क) | | उपदफा (४) प्रतिवेदन अनुसार कायम भएको उपदफा (५) को खण्ड (क) मा रहेका "नियुक्ति बाहेकको" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| १३९. | मा. तुल प्रसाद विश्वकर्मा | ८२ | (४) | | | उपदफा (४) प्रतिवेदन अनुसार कायम भएको उपदफा (५) को,-<br>• खण्ड (क) मा रहेका "नियुक्ति बाहेकको" भन्ने शब्दहरू झिक्नु पर्ने।<br>• खण्ड (ख) मा रहेको "बाहेकका" भन्ने शब्द झिक्नु पर्ने। |
| | | | (५) | | | उपदफा (५) प्रतिवेदन अनुसार कायम हुने उपदफा (६) को अन्त्यमा "र त्यस्तो त्यस्तो व्यक्तिलाई तोकिए बमोजिम कारबाही गर्न सरकारले सिफारिस गर्नेछ" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १४०. | मा. भुवन बहादुर सुनार | ८२ | (४) | | | उपदफा (४) प्रतिवेदन अनुसार कायम भएको उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने:<br>"(५) सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीको पदबाट सेवा निवृत्त भएको व्यक्तिले सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म कुनै नियुक्ति लिन, परामर्शदाताको रूपमा काम गर्न र सेवा सुविधा लिन पाउने छैन।" |



२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १४१. | मा. कृष्ण बहादुर रोकाय सहितका मा. सदस्यहरू | ८२ | (४) | | | उपदफा (४) प्रतिवेदन अनुसार कायम भएको उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखु पर्नेः<br>"(५) निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको दुई वर्ष अवधि पूरा नभई देहायका काम गर्न वा नियुक्ति लिन पाउने छैनः-<br>(क) संवैधानिक, कुटनीतिक नियुक्ति लिन तथा नेपाल सरकारले गर्ने अन्य कुनै सरकारी पदमा नियुक्ति लिन,<br>(ख) अन्तरसरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदार निकाय तथा विभिन्न निकायहरूद्वारा सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न,<br>(ग) अवकाश हुने पछिल्लो एक वर्षभित्र वहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित रहेको संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न।" |
| १४२. | मा. जितजंग बस्नेत | ८२ | (४) | | | उपदफा (४) प्रतिवेदन अनुसार कायम हुने उपदफा (५) मा रहेका "सङ्घीय निजामती" भन्ने शब्दहरूको सट्टा "सङ्घीय निजामती वा अन्य सरकारी" भन्ने शब्दहरू र "निवृत्त भएको" भन्ने शब्दहरूको सट्टा "निवृत्त भएको वा राजीनामा दिएको" भन्ने शब्दहरू राखी यसैको,-<br>• खण्ड (क) मा रहेका "नियुक्ति बाहेकको" भन्ने शब्दहरू झिक्नु पर्ने।<br>• खण्ड (ख) मा रहेको "बाहेकका" भन्ने शब्द झिक्नु पर्ने। |

२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | • खण्ड (ग) मा रहेका "एक वर्ष" भन्ने शब्दहरूको सट्टा "दुई वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १४३. | मा. विष्णु बहादुर विश्वकर्मा | ८२ | (४) | | | उपदफा (४) प्रतिवेदन अनुसार कायम हुने उपदफा (५) मा रहेको "मितिले" भन्ने शब्दपछिका शब्दहरुको सट्टा "तिन वर्षसम्म सरकारी र संवैधानिक पदमा नियुक्ति गरिने छैन" भन्ने शब्दहरू राखी यसैको<br>• खण्ड (क) मा रहेका "नियुक्ति बाहेकको" भन्ने शब्दहरू झिक्नु पर्ने।<br>• खण्ड (ख) मा रहेको "बाहेकका" भन्ने शब्द झिक्नु पर्ने।<br>• खण्ड (ग) मा रहेका "अवकाश हुने पछिल्लो एक वर्ष भित्र" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| १४४. | मा. मृगेन्द्र कुमार सिंह यादव सहितका मा. सदस्यहरू | ८२ | (४) | (क) | | उपदफा (४) प्रतिवेदन अनुसार कायम हुने उपदफा (५) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नु पर्नेः-<br>"(क) संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै पदमा नियुक्ति लिन," |
| १४५. | मा. पदम बहादुर परियार | ८२ | (४) | | | उपदफा (४) प्रतिवेदन अनुसार कायम हुने उपदफा (५) र यस उपदफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा ४३ को उपबुँदा (२) झिकी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्ने। |
| १४६. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ८२ | (५) | | | उपदफा (५) प्रतिवेदन अनुसार कायम हुने उपदफा (६) मा रहेका "व्यक्तिले यो ऐनबमोजिमको सेवा सुविधा लिन पाउने छैन" भन्ने शब्दहरूको सट्टा "व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ" भन्ने शब्दहरू राख्नु पर्ने। |



२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १४७. | मा. कृष्ण बहादुर रोकाय सहितका मा. सदस्यहरू | ८२ | (५) | | | उपदफा (५) प्रतिवेदन अनुसार कायम हुने उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नु पर्नेः- "(६) उपदफा (५) विपरीत काम गर्ने कर्मचारीले यस ऐन बमोजिमको सेवा सुविधा लिन पाउने छैन।" |
| १४८. | मा. विष्णु बहादुर विश्वकर्मा | ८६ | | | | दफा ८६ को सट्टा देहायको दफा ८६ राख्नु पर्नेः- "८६. दुर्व्यवहार गर्न नहुनेः कुनै पनि निजामती कर्मचारीले यौनजन्य दुर्व्यवहार, जातीय विभेद लगायत कानुनले वर्जित गरेका कुनै पनि दुर्व्यवहार गर्नु हुँदैन।" |
| १४९. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ९२ | | | | "देहायका अन्य" भन्ने शब्दहरूको सट्टा "अन्य दफाका अतिरिक्त देहायका" भन्ने शब्दहरू राखी खण्ड (ज) पछि देहायको खण्ड (झ) थप्नु पर्नेः- "(झ) आफ्नो कर्तव्य छिटो छरितो र समयभित्र पूरा गर्ने।" |
| १५०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ९३ | (१) | | | "यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम" भन्ने शब्दहरूको सट्टा "यस ऐनमा" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १५१. | मा. विष्णु बहादुर विश्वकर्मा | ९८ | (झ) | | | खण्ड (झ) पछि देहायको खण्ड (ञ) थप्नु पर्नेः- "(ञ) समाज तथा कार्यक्षेत्रमा जातीय तथा लैङ्गिक हिंसा गरेमा।" |
| १५२. | मा. कमला देवी पन्त सहितका मा. सदस्यहरू | १०२ | (१) | | | यस उपदफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा ४८ झिक्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १५३. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू र मा. जितजंग बस्नेत र मा. विष्णु कुमारी सापकोटा | ११४ | (२) | | | "अधिकृत एघारौं" भन्ने शब्दहरूको सट्टा "अधिकृत बाह्रौं" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १५४. | मा. विष्णु बहादुर विश्वकर्मा र मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ११४ | (२) | | | प्रतिबन्धात्मक वाक्यांशमा रहेको "भएको" भन्ने शब्दपछि "बढीमा" भन्ने शब्द थप्नु पर्ने। |
| १५५. | मा. मृगेन्द्र कुमार सिंह यादव सहितका मा. सदस्यहरू | ११४ | (२) | | | प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दश वर्ष पछि" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षपछि" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १५६. | मा. मृगेन्द्र कुमार सिंह यादव सहितका मा. सदस्यहरू | ११५ | (१) | | | "सङ्घीय निजामती सेवाको" भन्ने शब्दहरूको सट्टा "प्रदेश निजामती सेवाको" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १५७. | मा. जितजंग बस्नेत र मा. विष्णु कुमारी सापकोटा र मा. भुवन बहादुर सुनार | ११६ | (३) | | | "भएको" भन्ने शब्दपछि "बढीमा" भन्ने शब्द थप्नु पर्ने। |
| १५८. | मा. डा. अन्जान शाक्य | ११६ | (३) | | | "दश वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "दश वर्ष वा प्रदेश निजामती सेवाको कर्मचारीको बढुवा भई बाह्रौं तहको पदपूर्ति नहुन्जेलसम्म" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १५९. | | ११६ | (३) | | | "भएको" भन्ने शब्दपछि "बढीमा" भन्ने शब्द थप्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | | (६) | | | उपदफा (६) प्रतिवेदन अनुसार कायम हुने उपदफा (७) मा रहेका "कर्मचारीलाई" भन्ने शब्दपछिका शब्दहरूको सट्टा "सम्बन्धित मन्त्रालयले हाजिर गराई काम गराउनु पर्नेछ" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १६०. | मा. डा. अन्ज़ान शाक्य | ११८ | (२) | (क) | | "एघारौं" भन्ने शब्दपछि "वा बाह्रौं" भन्ने शब्दहरु थप्नु पर्ने। |
| १६१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ११८ | (२) | (ग) | | "आठौं" भन्ने शब्दको सट्टा "नवौं" भन्ने शब्द राख्नु पर्ने। |
| १६२. | मा. सोनाम गेल्जेन शेर्पा | ११८ | (२) | (ग) | | खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नु पर्नेः-<br>"(ग) गाउँपालिकामा अधिकृत नवौं तहका कर्मचारी।" |
| १६३. | मा. गोपाल भट्टराई सहितका मा. सदस्यहरू र मा. जितजंग बस्नेत र मा. विष्णु कुमारी सापकोटा | ११८ | (२) | (ग) | | खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नु पर्नेः-<br>"(ग) गाउँपालिकामा अधिकृत नवौं तहको कर्मचारी वा त्यस्तो कर्मचारी उपलब्ध नभएमा आठौं तहमा तीन वर्ष पूरा गरेको कर्मचारी।" |
| १६४. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ११८ | (२) | (ग) | | "आठौं" भन्ने शब्दको सट्टा "नवौं" भन्ने शब्द राख्नु पर्ने। |
| | | | | | | खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्नेः-<br>"(घ) गाउँपालिका वा नगरपालिकामा अधिकृत नवौं तहको कानुन अधिकृत रहने।" |
| | | | (३) | | | "भएको" भन्ने शब्दपछि "बढीमा" भन्ने शब्द थप्नु पर्ने। |
| १६५. | मा. मृगेन्द्र कुमार सिंह यादव सहितका मा. सदस्यहरू | ११८ | (३) | | | उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नु पर्नेः- |

२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | "(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको बढीमा पाँच वर्षसम्म नेपाल सरकारले सङ्घीय निजामती सेवाको उपदफा (२) बमोजिमको तहका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाउनेछ।" |
| १६६. | मा. जितजंग बस्नेत र मा. विष्णु कुमारी सापकोटा र मा. पदम बहादुर परियार | ११९ | (१३) | | | उपदफा (१३) पछि देहायका उपदफा (१४) र १५ थप्नु पर्ने:-<br>"(१४) प्रदेश सरकार अन्तर्गतको डिभिजन वन कार्यालयको प्रमुख नेपाल सरकारले खटाएको डिभिजनल वन अधिकृत हुनेछ।<br>(१५) उपदफा (१४) बमोजिमको डिभिजनल वन अधिकृतको परिचालन प्रदेश सरकारले गर्नेछ।" |
| १६७. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | १२० | (२) | (ज) | | "पूर्व स्वीकृत नलिई सरकारी नियुक्ति हुने पद बाहेक" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| १६८. | मा. विष्णु बहादुर विश्वकर्मा | १२० | (२) | (ज) | | "निश्चित अवधिसम्म पूर्वस्वीकृति नलिई सरकारी नियुक्ति हुने पद बाहेक अन्यत्र नोकरी गर्न" भन्ने शब्दहरूको सट्टा "दुई वर्षसम्म सरकारी तथा संवैधानिक पदमा नियुक्ति हुन" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १६९. | मा. कृष्ण बहादुर रोकाय सहितका मा. सदस्यहरू | १२० | (२) | (ज) | | यस खण्डको सट्टा देहायको खण्ड (ज) राख्नु पर्ने:-<br>"(ज) प्रदेश निजामती सेवा वा स्थानीय सेवा वा अन्य सरकारी सेवाका कर्मचारीले पदबाट राजीनामा दिई वा अवकाश भएको दुई वर्ष अवधि पूरा नभई संवैधानिक, कुटनीतिक वा अन्य सरकारी पदमा नियुक्ति लिन नपाउने व्यवस्था।" |



२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १७०. | मा. डा. अन्जान शाक्य | १२१ | (६) | | | उपदफा (६) प्रतिवेदन अनुसार कायम हुने उपदफा (८) पछि देहायको उपदफा (९) थप्नु पर्नेः- "(९) यस ऐनमा अयन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन भएको निकायमा बढुवा नभएका कर्मचारीलाई एक पटक समायोजन संशोधन गर्न दिइनेछ।" |
| १७१. | मा. कमला देवी पन्त सहितका मा. सदस्यहरू | १२१ | (६) | | | उपदफा (६) प्रतिवेदन अनुसार कायम हुने उपदफा (८) पछि देहायको उपदफा (९) थप्नु पर्नेः- "(९) इच्छा विपरीत समायोजन गरिएका कर्मचारीलाई एक पटकका लागि तोकिए बमोजिम समायोजन पुनरावलोकन गर्न मौका दिइने छ।" |
| १७२. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | १२१ | | | | उपदफा थपी "महिला सामाजिक परिचारिका" सम्बन्धमा व्यवस्था गर्नु पर्ने। |
| १७३. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | १२२ | | | | उपदफा थपी "महिला सामाजिक परिचारिका, अस्थायी करार, ज्यालादारी, कृषि प्राविधिक" सम्बन्धमा व्यवस्था गर्नु पर्ने। |
| १७४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १२२ | (२) | | | उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्नेः- "(३) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका वा समायोजन संशोधन वा मिलान गर्दा प्रदेश वा स्थानीय तहमा समायोजन भएका तर सम्बन्धित प्रदेश वा स्थानीय तहमा पदस्थापन हुन नसकेका कर्मचारीलाई एक पटकका लागि |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | संमायोजन संशोधनको अवसर प्रदान गरी मन्त्रालयले सम्बन्धित सेवा प्रबाह गर्ने सङ्घीय निकाय, प्रदेश वा स्थानीय तहसँग समन्वय गरी एक पटकका लागि समायोजन गर्नेछ।<br>(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साविकमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत कार्यरत सामाजिक परिचारिका र कृषि मन्त्रालय अन्तर्गत रही बिभिन्न तहमा कार्यरत कृषि प्राविधिक एवम् पशु चिकित्सकहरू पनि यसै ऐन अनुसार स्थानीय तहमा समायोजन भएको मानिने छ।" |
| १७५. | मा. विष्णु बहादुर विश्वकर्मा | १२३ | (१) | (झ) | | "एक जना" भन्ने शब्दहरूको सट्टा "एकजना दलित र एकजना" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १७६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १२३ | (५) | | | "तोकिएबमोजिम" भन्ने शब्द झिकी काम, कर्तव्य र अधिकार ऐनमा नै उल्लेख हुनु पर्ने। |
| १७७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १२४ | | | | दफा झिकी त्यसपछिका दफाक्रम मिलाउनु पर्ने। |
| १७८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १२६ | (१) | | | "तोकिएबमोजिम" भन्ने शब्द झिक्नु पर्ने। |
| १७९. | मा. डा. अन्जान शाक्य | १३१ | (२) | (क) | | "बाहेकका" भन्ने शब्दपछि "संघ, प्रदेश र स्थानीय तहमा कार्यरत" भन्ने शब्दहरू थप्नु पर्ने। |

२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १८०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १३१ | (३) | (ग) | | झिक्नु पर्ने। |
| १८१. | मा. विष्णु बहादुर विश्वकर्मा | १३१ | (३) | (ख) | | "र सामुहिक सौदावाजी" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| १८२. | मा. कमला देवी पन्त सहितका मा. सदस्यहरू | १३१ | (९) | | | उपदफा (९) को सट्टा देहायको उपदफा (९) राख्नु पर्नेः- "(९) सङ्घीय कानुन बमोजिम दर्ता भएका ट्रेड युनियनहरूले प्रदेश र स्थानीय तहमा आफ्ना गतिविधि गर्ने छन्।" |
| १८३. | मा. डा. अन्जान शाक्य | १३१ | (९) | | | उपदफा (९) को सट्टा देहायको उपदफा (९) राख्नु पर्नेः- "(९) प्रदेश तथा स्थानीय तहमा स्थापना भएका ट्रेड युनियनहरू केन्द्रीय ट्रेड युनियनसँग आबद्ध हुनेछन्।" |
| | | | (१०) | | | "र प्रदेश निजामती सेवा तथा स्थानीय सेवा सम्वन्धी प्रदेश कानून बमोजिम गठन हुने ट्रेड युनियनबीचको समन्वय तथा अन्तरसम्वन्ध" भन्ने शब्दहरूको सट्टा "व्यवस्थापन" भन्ने शब्द राख्नु पर्ने। |
| १८४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १३१ | (१०) | | | " समन्वय र अन्तर्सम्बन्ध तोकिएबमोजिम" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय स्तरका ट्रेड युनियनहरूबीचको प्रतिष्पर्धाबाट प्रदेश निजामती सेवा र स्थानीय सेवामा आधिकारिक ट्रेड युनियन गठन" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १८५. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १३२ | | | | "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम" भन्ने शब्दहरूको सट्टा "यस ऐन बमोजिम" भन्ने शब्दहरू राख्नु पर्ने। |

२१५.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १८६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १३५ | (२) | | | झिक्नु पर्ने। |
| १८७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १३७ | (१) | | | "तोकिएबमोजिमको" भन्ने शब्दको सट्टा "एक" भन्ने शब्द राख्नु पर्ने। |
| १८८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १३८ | (५) | | | झिक्नु पर्ने। |
| १८९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १४१ | (१) | | | "सम्बन्धित" भन्ने शब्दपछि "व्यक्ति र" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १९०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १४२ | (२) | | | झिक्नु पर्ने। |
| १९१. | मा. डा. अन्जान शाक्य | १४४ | | | | "सबै निजामती कर्मचारीको" भन्ने शब्दहरूको सट्टा "सबै निजामती कर्मचारी वा सेवानिवृत्त निजामती कर्मचारीको" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १९२. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १४५ | (१) | | | "आवश्यक" भन्ने शब्दको सट्टा "देहायका विषयमा" भन्ने शब्दहरू राखी विषय उल्लेख गर्नु पर्ने। |



२१५.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना /दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १९३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १४६ | | | | "यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमको" भन्ने शब्दहरूको सट्टा "यस ऐनको" भन्ने शब्दहरू राखु पर्ने। |

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क्र.सं. १ देखि १९३ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

(नारायण प्रसाद दाहाल)
अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८२।०४।०६